**INTELLECTUAL INCEPTION: A Multidisciplinary Research Journal of Bhojpur Campus**
(Peer Reviewed)
ISSN: 2990-7934, Volume 3, Issue 1, June 2025, pp 30-41
Published by Research Management Cell (RMC), Bhojpur Multiple Campus, Bhojpur
E-mail: rmcbhojpur@gmail.com

# नवइतिहासवादी दृष्टिमा वसन्ती उपन्यास

डा. दुर्गाबहादुर घर्ती
सहप्राध्यापक, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर

***Article History:*** Submitted 3 April 2025; Reviewed 11 May 2025; Revised 16 June 2025
***Corresponding Author:*** Durga Bahadur Gharti, Email: durgagharti@gmail.com,
***DOI:*** https://doi.org/10.3126/iimrjbc.v3i1.81397

*लेखसार*

*'नवइतिहासवादी दृष्टिमा वसन्ती उपन्यास' शीर्षकको प्रस्तुत लेख डायमनशम्शेर राणाको वसन्ती उपन्यासमा पाइने ऐतिहासिक सन्दर्भको विश्लेषणमा केन्द्रित छ । मूलत: यो उपन्यास नेपालको राजनीतिक इतिहासमा आधारित छ । यसका मुख्य घटना, पात्र र परिवेश इतिहाससम्मत छन् । राजेन्द्र विक्रम शाहको राज्यकालको परिवेशलाई यसमा उभ्याइएको छ । यस अध्ययनका लागि सामग्री सङ्कलन पुस्तकालयकार्यद्वारा गरिएको छ र सामग्रीको विश्लेषण विषयवस्तु विश्लेषण विधिमा गरिएको छ । सामग्री विश्लेषणका लागि सैद्धान्तिक आधार नवइतिहासवादी सिद्धान्तलाई बनाइएको छ । नवइतिहासवादी समालोचना सन् १९७० को दशकदेखि देखापरेको र सन् १९८० को दशकदेखि स्पष्ट मान्यताका साथ प्रयोगमा आएको साहित्यिक समालोचनासिद्धान्त हो । निश्चित समयको निश्चित ऐतिहासिक अवस्थाको सांस्कृतिक अध्ययनको नयाँ पद्धतिका रूपमा बेलायतमा सांस्कृतिक भौतिकवाद र अमेरिकामा नवइतिहासवाद विकसित भएको देखिन्छ । सांस्कृतिक भौतिकवाद रेमन्ड विलियम्सको मान्यता हो । उनले सामाजिक विकासको आधार मार्क्सले भने जस्तै ऐतिहासिक भौतिकवादलाई माने तर आर्थिक आधार मानेनन् । उनले सामाजिक परिवर्तन आर्थिक कारणले नभएर सांस्कृतिक कारणले हुन्छ भन्ने विचार प्रकट गरेका छन् र आफ्नो मान्यतालाई सांस्कृतिक भौतिकवाद भनेका छन् । नवइतिहासवादमा मिसेल फुकोको निकै प्रभाव परेको छ । नवइतिहासवाद सन् १९७० को दशक र १९८० को दशकको आरम्भतिर मार्क्सवाद, मानवशास्त्र र इतिहासदर्शनका प्रभावमा देखापरेको हो । यसको आरम्भ साहित्य र अमेरिकी सांस्कृतिक अध्ययनबाट भएको हो । यसको नामकरण अमेरिकी समालोचक स्टेफेन ग्रीनब्लाटले गरेका हुन् । निश्चित समयको निश्चित ऐतिहासिक अवस्थाको सांस्कृतिक अध्ययनको नयाँ पद्धतिका रूपमा बेलायतमा सांस्कृतिक भौतिकवाद र अमेरिकामा नवइतिहासवाद विकसित भएको हो । नव इतिहासवाद इतिहासवादको उत्तरवर्ती रूप हो । तर इतिहासवादले पाठको ऐतिहासिक घटनालाई यथार्थका रूपमा लिन्छ भने नवइतिहासवादले विविध सन्दर्भका आधारमा लिन्छ । ऐतिहासिक सन्दर्भ यस अध्ययनको मुख्य अवधारणा हो र राजनीतिक, सामाजिक, सांस्कृतिक परिवेश त्यसको मापन गर्ने सूचक हुन् । यस उपन्यासमा ऐतिहासिक सन्दर्भ राजनीतिक, सामाजिक तथा सांस्कृतिक परिवेशका माध्यमबाट प्रकट गरिएको छ । नेपालको तत्कालीन राजनीति अन्योलग्रस्त, षड्यन्त्रपूर्ण र हत्याहिंसायुक्त देखिन्छ । उपन्यासमा चित्रित समाजले तत्कालीन समाज पुरुषप्रधान, जातीय र वर्गीय विभेद भएको देखिन्छ । तत्कालीन समयका व्यक्तिहरूमा धार्मिक*

*आस्था र विश्वास धेरै देखिन्छ । जाति र समुदायअनुसार रीतिरिवाज भिन्न देखिन्छ । ऐतिहासिक सन्दर्भका दृष्टिले प्रस्तुत उपन्यास सफल रहेको छ भन्ने यस अध्ययनको निष्कर्ष रहेको छ ।*

***शब्दकुञ्जी :*** ऐतिहासिकता, राजनीतिक परिवेश, विधिनिषेध, सांस्कृतिक परिवेश, सामाजिक परिवेश

**विषयपरिचय**

साहित्यको विकासका क्रममा उपन्यास सबभन्दा पछि विकसित भएको विधा हो । उपन्यास आख्यान विधाअन्तर्गत पर्दछ । आख्यान कल्पनामा आधारित हुन्छ । उपन्यासको कथा वा घटना काल्पनिक हुने भए पनि त्यो नितान्त निराधार कल्पनामा आधारित हुँदैन । त्यसको सम्बन्ध कुनै न कुनै रूपमा यथार्थ पक्षसँग हुन्छ । उपन्यासमा प्रस्तुत यथार्थ वस्तुसत्य नभएर सत्याभासी हुन्छ । यथार्थ घटनाबाट विषयसामग्री ग्रहण गरिएको भए पनि उपन्यासकारले त्यसमा कल्पना, सम्भाव्यता र आवश्यकताका आधारमा धेरै कुरा थपघट र परिवर्तन गर्दछ । उपन्यासलाई रोचक, जीवन्त र विश्वसनीय बनाउनका लागि त्यसो गर्नु आवश्यक हुन्छ । ऐतिहासिक उपन्यासमा ऐतिहासिक घटनालाई कथावस्तुको आधार बनाइएको हुन्छ । त्यस्ता उपन्यासमा इतिहासको पुनरावृत्ति नभएर इतिहासको पुनर्निर्माण गरिएको हुन्छ (कडन, सन् १९९९, पृ. ३८३) । त्यसका लागि ऐतिहासिक तथ्यका साथै काल्पनिक आधार पनि लिइएको हुन्छ । त्यसैले ऐतिहासिक उपन्यासमा इतिहास र कल्पनाको मिश्रण हुन्छ । इतिहासले ऐतिहासिक तथ्यको सूचना दिन्छ भने कल्पनाले त्यसमा कलात्मकता र जीवन्तता प्रदान गर्छ । ऐतिहासिक उपन्यासमा इतिहास कथावस्तुको असिथपञ्जर हो र कल्पना एवं सम्भाव्यताका आधारमा त्यसमा मांसलता भर्ने काम गरिन्छ । त्यसैले ऐतिहासिक उपन्यासमा इतिहासको रक्षा गर्नुका साथसाथै त्यसको स्वरूपलाई कल्पनाद्वारा स्पष्ट गर्नु पनि आवश्यक हुन्छ । ऐतिहासिक उपन्यासको सफलताको परीक्षण त्यसको औपन्यासिक कला र इतिहास रक्षाका आधारमा हुन सक्तछ । नेपाली उपन्यास परम्परामा ऐतिहासिक उपन्यासको वास्तविक स्वरूप डायमनशम्शेर राणाको *वसन्ती* (२००६) उपन्यासदेखि देखापर्दछ । यसअघि ऐतिहासिक विषयवस्तुमा आधारित उपन्यास लेखिँदै नलेखिएका चाहिँ होइनन् । नेपाली साहित्यमा ऐतिहासिक विषयवस्तुमा आधारित गद्याख्यानको प्रारम्भ अनुवाद परम्पराबाट भएको देखिन्छ । *गोरखापत्र*मा वि.सं. १९६० फागुनदेखि १९६२ वैशाखसम्म धारावाहिक रूपमा प्रकाशित *नरदेव* पहिलो ऐतिहासिक उपन्यास लेखनको प्रयास हो । यो हिन्दी उपन्यासबाट अनूदित कृति हो र यसका मूल लेखक रामप्रताप शर्मा हुन् । त्यसैगरी *गोरखापत्र*मा नै वि.सं. १९६१ आषाढदेखि १९६२ वैशाखसम्म धारावाहिक रूपमा प्रकाशित *वीरमालोजी भोँसले* पनि हिन्दी उपन्यासबाटै अनुवाद गरिएको ऐतिहासिक विषयवस्तुमा आधारित उपन्यास हो । यसका मूल लेखक रामजीवन नागर हुन् । *चन्द्र* पत्रिकामा १९७१ मा प्रकाशित रमेशचन्द्रद्वारा बङ्गाली भाषामा लिखित एवं विज्ञान विलासद्वारा अनूदित *वङ्गविजेता* ऐतिहासिक परिवेशमा आधारित छ । नेपाली उपन्यास परम्परामा मौलिक रूपमा ऐतिहासिक उपन्यास लेखनको पहिलो प्रयासका रूपमा अम्बालिका देवीको *राजपूत रमणी* (१९८९) देखापर्दछ । त्यसपछि टुकराज पद्मराज मिश्रका *रजबन्धकी* (१९९६) र *रामकृष्ण कुँवर राणा* (१९९९) उपन्यास प्रकाशित भएका छन् । *राजपूत रमणी*मा इतिहास-सिद्ध तथ्यको अभाव खट्किन्छ भने *रजबन्धकी* र *रामकृष्ण कुँवर राणा* औपन्यासिक कलाभन्दा ऐतिहासिक तथ्य वर्णनको आधिक्यले ती ऐतिहासिक उपन्यासभन्दा पनि इतिहास जस्ता लाग्छन् । औपन्यासिक कला एवं ऐतिहासिक तथ्यलाई समन्वित गरी लेखिएको पहिलो नेपाली उपन्यास डायमनशम्शेर राणाको *वसन्ती* नै हो । *वसन्ती* उपन्यासमा ऐतिहासिक सन्दर्भ केकस्तो छ भन्ने यस अध्ययनको मुख्य समस्या हो र नवइतिहासवादका आधारमा

प्रस्तुत उपन्यासको अध्ययन गर्नु यस लेखको उद्देश्य हो । प्रस्तुत अध्ययन *वसन्ती* उपन्यासमा प्रस्तुत ऐतिहासिक सन्दर्भको अध्ययनमा सीमित छ ।

**अध्ययनविधि**

प्रस्तुत अध्ययनका लागि सामग्री सङ्कलन पुस्तकालयकार्यद्वारा गरिएको छ । *वसन्ती* उपन्यास प्राथमिक सामग्री हो र सैद्धान्तिक एवं प्रायोगिक पूर्वकार्यका सामग्री द्वितीयक हुन् । टिपोट विधिद्वारा तिनको सङ्कलन गरिएको छ । प्रस्तुत अध्ययन गुणात्मक पद्धतिमा आधारित भएकाले सामग्रीको व्याख्याविश्लेषणद्वारा निष्कर्षमा पुग्ने काम भएको छ । सामग्रीको विश्लेषण विषयवस्तु विश्लेषण विधिमा गरिएको छ । उपन्यासको ऐतिहासिक सन्दर्भको विश्लेषणमा नै प्रस्तुत अध्ययन केन्द्रित रहेको छ । सामग्री विश्लेषणका लागि सैद्धान्तिक ढाँचा नवइतिहासवादी सिद्धान्तका आधारमा बनाइएको छ । सैद्धान्तिक ढाँचा एवं विश्लेष्य सामग्रीका आधारमा अवधारणात्मक ढाँचाको निर्माण गरिएको छ । *वसन्ती* उपन्यासमा ऐतिहासिक सन्दर्भ यस अध्ययनको मुख्य अवधारणा हो र राजनीतिक, सामाजिक एवं सांस्कृतिक परिवेश त्यसका सूचक हुन् ।

**सैद्धान्तिक ढाँचा**

नवइतिहासवादले साहित्यको अध्ययन इतिहासका आधारमा गर्दछ । संरचनावादले पाठको अध्ययनलाई महत्त्व दिन्छ र साहित्यिक पाठको अध्यनमा ऐतिहासिक, लेखकीय तथा पाठकीय सन्दर्भलाई बेवास्ता गर्दछ । फ्रान्सेली संरचनावाद रुसी रूपवाद, चेक संरचनावाद, अमेरिकी नयाँ समालोचना हुँदै विकसित भएको हो । उनीहरू साहित्यिक विश्लेषणमा साहित्यिक पाठलाई मुख्य कलावस्तु मान्दछन् र ऐतिहासिक सन्दर्भलाई पाठको पृष्ठभूमिका रूपमा लिन्छन् । त्यसैले उनीहरू ऐतिहासिक सन्दर्भलाई द्वितीयक मान्दछन् । उनीहरू इतिहासलाई यथार्थ बिम्बका रूपमा हेर्दछन् । नवइतिहासवादीहरू त्यस मान्यतालाई चुनौती दिन्छन् । उनीहरूका अनुसार इतिहास वस्तुगत नभएर आत्मगत हुन्छ । विगतमा घटित घटनाको व्याख्यामा लेखकको वैयक्तिक प्रभाव रहन्छ र त्यसमा उसको पक्षधरता हुन्छ । त्यसैले इतिहासले यथावत् बिम्ब प्रस्तुत गर्न सक्तैन । पुरानो इतिहासवादले इतिहासलाई स्वायत्त दृष्टिले हेर्छ भने नवइतिहासवादले विभिन्न तरिकाले हेर्दछ (ब्रेस्लर, सन् २०११, पृ. १८३) । इतिहासवाद बन्द पठनको अभ्यास हो भने नवइतिहासवाद खुला पठनको अभ्यास हो । बन्द पठन निश्चित सिद्धान्त वा पद्धतिका दायराभित्र हुन्छ, खुला पठन जुनसुकै सन्दर्भमा पनि हुन सक्छ ।

नवइतिहासवाद इतिहासवादको उत्तरवर्ती रूप हो । त्यसैले इतिहासवादलाई पुरानो र नवइतिहासवादलाई नयाँ इतिहासवाद भन्न पनि सकिन्छ । इतिहासवादको आरम्भ अठारौँ शताब्दीको अन्त्यतिरदेखि जर्मन लेखक हर्डर, इतिहासकार भोन र्‍याङ्क, मिनेक आदिबाट भएको मानिन्छ । उन्नाइसौँ शताब्दीमा सामाजिक इतिहासतर्फ हेगेल तथा कार्ल मार्क्सका कार्य र साहित्यिक इतिहासतर्फ सेन्ट-ब्युभ तथा इपोलिट तेनका कार्य महत्त्वपूर्ण छन् । इतिहासवादले सबै विचारपद्धति, सबै घटना, सबै संस्था, सबै कलाकर्म, सबै साहित्यिक पाठ ऐतिहासिक परिप्रेक्ष्यअन्तर्गत स्थित हुन्छन् भन्ने मान्दछ । अर्थात् पाठ वा घटनालाई इतिहासबाट अलग गर्न सकिँदैन (हबिब, सन् २००८, पृ. ७६०) । नवइतिहासवादीहरूका भनाइअनुसार परम्परागत इतिहासकारहरू समग्रतामा वा कुनै एक पक्षमा जोड दिन्छन् भने नवइतिहासवादले नयाँ ढङ्गमा इतिहासको अध्ययन गर्ने र इतिहास तथा संस्कृतिलाई परस्पर परिभाषित गर्ने कुराको दाबी गर्छन् (वीसर, सन् १९८९, पृ. हष्ष्) । निश्चित समयको निश्चित ऐतिहासिक अवस्थाको सांस्कृतिक अध्ययनको नयाँ पद्धतिका रूपमा बेलायतमा सांस्कृतिक भौतिकवाद र अमेरिकामा नवइतिहासवाद विकसित भएको देखिन्छ । सांस्कृतिक भौतिकवाद रेमन्ड विलियम्सको

मान्यता हो । उनले सामाजिक विकासको आधार मार्क्सले भने जस्तै ऐतिहासिक भौतिकवादलाई माने तर आर्थिक आधार मानेनन् । उनले सामाजिक परिवर्तन आर्थिक कारणले नभएर सांस्कृतिक कारणले हुन्छ भन्ने विचार प्रकट गरेका छन् र आफ्नो मान्यतालाई सांस्कृतिक भौतिकवाद भनेका छन् । नवइतिहासवादमा मिसेल फुकोको निकै प्रभाव परेको छ । नवइतिहासवाद सन् १९७० को दशक र १९८० को दशकको आरम्भतिर मार्क्सवाद, मानवशास्त्र र इतिहासदर्शनका प्रभावमा देखापरेको हो । यसको उदय साहित्य र अमेरिकी सांस्कृतिक अध्ययनबाट भएको मानिन्छ । नवइतिहासवाद भन्ने अर्थ बुझाउने 'न्यु हिस्टोरिसिजम्' पदावलीको नामकरण अमेरिकी समालोचक स्टेफेन ग्रीनब्लाटले सन् १९८० मा *रेनेसाँ सेल्फ-फेसनिङ: फ्रम मोर टु सेक्सपियर* भन्ने पुस्तकमा गरेका हुन् । तर त्यसप्रकारको अध्ययन सन् १९७० को दशकदेखि नै हुन थालेको देखिन्छ । जे. डब्ल्यू. लिभरको *द ट्रेजेडी अफ स्टेट : अ स्टडी अफ ज्याकोबियन ड्रिम्स* (सन् १९७१) त्यसको राम्रो उदाहरण हो । त्यसमा लुई मोन्ट्रोसको नाम पनि उल्लेखनीय छ । नवइतिहासवादले साहित्यमा इतिहासको पठन पुनर्जागरणकालदेखि आरम्भ गरेको पाइन्छ । स्टेफेन ओर्गलको नेतृत्वमा नवइतिहासवादी समालोचकहरूको ध्यान विलियम शेक्सपियरलाई महान् लेखकका रूपमा बुझ्ने मात्र भन्दा पनि पुनर्जागरणकालीन रङ्गमञ्चको सांस्कृतिक परिवेश अर्थात् तत्कालीन जटिल सामाजिक राजनीतिको पुनर्निर्माण गर्ने माध्यमका रूपमा लिएका छन् । सन् १९८३ मा युनिभर्सिटी अफ क्यालिफोर्निया, बर्कलेमा ग्रीनब्लाट र स्वेटलाना एप्लर्सको सम्पादनमा *रिप्रिजेन्ट्स* नामक जर्नलमा नवइतिहासकारहरूका लेख प्रकाशित हुन थाल्दछन् ।

नवइतिहासवाद कुनै साहित्यिक पाठ सिर्जना गरिएको ऐतिहासिक सन्दर्भ र त्यसको पठन गरिने समकालीन सन्दर्भलाई महत्त्व दिने समालोचनाको सिद्धान्त हो । यसले साहित्यको अध्ययन सांस्कृतिक तथा ऐतिहासिक परिस्थितिका आधारमा गर्दछ । साहित्यको विश्लेषण त्यसको कालविशेषको सामाजिक, राजनीतिक तथा सांस्कृतिक सम्बन्धको परीक्षणद्वारा गर्नु यसको मुख्य विशेषता हो । यसले साहित्यिक पाठहरूको सिर्जना र ग्रहणलाई शक्तिसम्बन्ध र प्रभावशाली विचारधाराले कसरी स्वरूप प्रदान गर्दछ भन्ने कुराको अध्ययन गर्दछ । यो अन्तर्विषयक अध्ययन हो । पाठकले आफ्नो ऐतिहासिक स्थिति र पक्षधरताका आधारमा पनि साहित्यको विश्लेषण गर्न सक्छ । साहित्यमा इतिहास र इतिहासमा साहित्य पाइन्छ भन्ने कुरामा यसले विश्वास गर्दछ । पुराना इतिहासवादीहरू पृष्ठभूमिका रूपमा रहेको इतिहासले साहित्यको विश्लेषण गर्न सघाउ पुऱ्याउँछ र इतिहासकारले साहित्यबाट साँच्चिकै इतिहास यस्तो रहेछ भनेर साहित्यिक युगको उत्पादन गर्छ भन्ने मान्छन्, तर नवइतिहासकारहरू साहित्यलाई संस्कृतिका अन्य सङ्कथनभन्दा पृथक् मान्दैनन् (ब्रेस्लर, सन् २०११, पृ. १८४) । साहित्यिक पाठ र सन्दर्भ द्विचर विरोध हुन्, तर यस अध्ययनमा तिनलाई समान रूपमा लिइन्छ । त्यही भएर यसलाई रिचर्ड विल्सन ( सन् १९९२) साहित्यिक समालोचनामा इतिहासतर्फ पुनरागमन भन्छन् (पृ. १) । साहित्यिक पाठमा विभिन्न सामाजिक, सांस्कृतिक, ऐतिहासिक सन्दर्भ जोडिएर आएका हुन्छन् । पाठको उत्पादन सामाजिक तथा राजनीतिक निर्माणको क्रियात्मक अवयवका रूपमा हुन्छ । नवइतिहासवादले साहित्यिक पाठलाई विशिष्ट ऐतिहासिक अवस्थाको भौतिक उत्पादनका रूपमा लिन्छ । यसले इतिहासलाई भौतिक ज्ञानका रूपमा नभई सुरक्षित ज्ञानका रूपमा लिन्छ । विविध सन्दर्भको अध्ययन गर्ने भएकाले यस पद्धतिले अध्ययनकर्तालाई इतिहास, मानवशास्त्र, कला, राजनीति, साहित्य तथा अर्थशास्त्रलाई छुट्याउने सीमा पार गर्ने अवसर प्रदान गर्छ । अर्थात् यो विषयगत रूपमा खुला किसिमको अध्ययन हो । साहित्य इतिहासको अंश हो । साहित्यिक पाठ सांस्कृतिक र भौतिक जीवनका अन्य पक्षहरू जस्तै सन्दर्भ हो । साहित्य संस्कृतिको भावना निर्माण गर्ने प्रतिनिधि हो (हवार्ड, सन् १९८६, पृ. २५) । नवइतिहासवाद र

सांस्कृतिक भौतिकवाद पाठ र सन्दर्भको, साहित्य र त्यसका इतिहासको अध्ययन गर्ने विषय नभएर इतिहासमा साहित्यको अध्ययन हो । नवइतिहासवाद आलोचनात्मक व्याख्याको विधि हो जसले पाठको महत्त्वपूर्ण सन्दर्भका रूपमा शक्तिसम्बन्धलाई महत्त्व दिएको हुन्छ (ब्रनिगन, सन् १९९८, पृ. ६) । नवइतिहासवाद साहित्य र इतिहासबिचको सम्बन्ध खोज्दै साहित्यिक पठनका लागि र साहित्यिक पाठका माध्यमबाट विचारधारात्मक तथा राजनीतिक रुचि प्रस्तुत गर्न उपयोगी हुन्छ । नवइतिहासवादमा साहित्यिक पाठलाई भाषिक, सांस्कृतिक, सामाजिक तथा राजनीतिक रचनाको वर्णन र परीक्षणका लागि अन्य पाठलाई जत्तिकै महत्त्वका  साथ लिइन्छ ।

नवइतिहासवादका मुख्य प्रयोक्ता रूपमा स्टेफेन ग्रीनब्लाट, लुई मोन्ट्रोस, क्याथ्रिन गालाघर, डी. ए. मिलर, जोनाथन गोल्डबर्ग, जोनाथन डलिमर आदिको नाम अग्रस्थानमा आउँछ । नवइतिहासवाद सामान्यतः साहित्यिक तथा साहित्येतर पाठको समानान्तर पठनमा आधारित विधि हो । यहाँनिर लुई मोन्ट्रोस (सन् १९८९) को ‘इतिहासको पाठीयता, पाठको ऐतिहासिकता’ भन्ने भनाइ स्मरणीय छ (पृ. २४) । नवइतिहासवादको सामान्य परिभाषा साहित्यिक र गैरसाहित्यिक पाठको समानान्तर अध्ययनमा आधारित विधि हो । यसमा साहित्यिक पाठ अग्रभूमि र ऐतिहासिक सन्दर्भ पृष्ठभूमि नभएर दुवैको महत्त्व समान हुन्छ (बेरी, सन् २००२, पृ. १७२) । साहित्यिक पाठको ऐतिहासिक, सामाजिक, आर्थिक सन्दर्भमा यसले ध्यान दिन्छ । त्यसैगरी यसले साहित्यिक पाठमा ऐतिहासिक सन्दर्भलाई प्रतिबिम्बित गर्ने, मोड्ने, बल दिने वा विकृत तुल्याउँछ भन्ने पनि मान्दछ (नायर, सन् २०१०, पृ. २०१) । मार्क्सवादअनुसार शक्तिसम्बन्ध उत्पादन, पुँजीपति र श्रमिक वर्गबिचको सम्बन्ध हो । शक्तिसम्बन्ध शक्ति हुने र नहुनेका बिच हुन्छ । त्यसलाई सामाजिक शक्तिसम्बन्ध भनिन्छ । त्यसको आधार अर्थव्यवस्था हो ।

नवइतिहासवादले पाठको अर्थलाई सार्वभौम र सार्वकालिक मान्दैन । देश, काल र परिस्थितिअनुसार अर्थमा परिवर्तन हुन सक्छ । डेरिडाको पाठभन्दा बाहिर केही छैन भन्ने मान्यतालाई यसले अङ्गीकार गर्छ । मार्क्स र एङ्गेल्स इतिहास शक्तिसम्बन्ध अर्थात् पुँजीपति र मजदुरबिचको सङ्घर्षबाट निर्माण हुन्छ भन्ने मान्दछन् । नवइतिहासवाद मार्क्सवादबाट प्रभावित भए पनि त्यो विशेषगरी मिसेल फुकोको मान्यतामा आधारित छ । फुको ज्ञानलाई शक्ति भन्छन् र शक्ति जतासुकै हुन्छ भन्छन् । सङ्कथनमा शक्तिको प्रसारण, उत्पादन र सुदृढीकरण हुन्छ भन्ने उनको मान्यता छ । उनका अनुसार शक्ति सङ्कथनात्मक अभ्यास हो र सङ्कथन कथनको तरिका नभएर समाजका हरेक सदस्यहरूको मानसिक समुच्चय हो । त्यसैले सङ्कथन विचारनिर्माणका रूपमा हुन्छ । कुनै विषय वा प्रवृत्तिका बारेमा कुनै समूहको निश्चित समयको सोच अर्थात् सङ्कथन नै इतिहास हो । इतिहास सङ्कथनको इतिहासको दृष्टिकोणबाट लेखिनुपर्छ (फुको, सन् १९७८, पृ. ६९) । त्यसमा लेखकको भूमिका महत्त्वपूर्ण हुन्छ । लेखक कार्य समाजमा निश्चित सङ्कथनको अस्तित्व, प्रसार र कार्यपद्धतिको विशेषता हो (फुको, सन् १९८४, पृ. १०८) । साहित्यिक कर्ममा लेखकले केही घटनाहरूको उपस्थित मात्र नगरी व्याख्या गर्ने आधार पनि प्रदान गर्दछ । लेखकले ती कुराको रूपान्तरण, विरूपणका साथै आफ्नो जीवनी, आफ्नो व्यक्तिगत दृष्टिकोणको निर्धारण, आफ्नो सामाजिक स्थानको विश्लेषण, आफ्नो आधारभूत प्रारूपको प्रकटीकरण जस्ता विभिन्न कुराहरूमार्फत संशोधन पनि गर्दछ । वस्तुतः लेखक अभिव्यक्तिको निश्चित स्रोत हो । तर लेखक कार्य कुनै पाठबाट विशुद्ध र सरल पुनर्निर्माण होइन (पृ. १११) । नवइतिहासवादमा विचार नियन्त्रणको प्रकार, विचलित चिन्तन, सङ्कथनात्मक अभ्यास, शक्तिसम्बन्ध, साहित्य र इतिहासको सन्दर्भ जस्ता कुराको अध्ययन हुन्छ । अन्य कथनात्मक कार्य जस्तै साहित्य पनि भौतिक अभ्यासको प्रक्रिया हो ।

## परिणाम र विमर्श

*वसन्ती* उपन्यासमा ऐतिहासिक सन्दर्भ प्रस्तुत गरिएको पाइन्छ । प्रस्तुत उपन्यासमा नवइतिहासवादी मान्यताका राजनीतिक, सामाजिक र सांस्कृतिक सन्दर्भ छन् । तिनले ऐतिहासिक सन्दर्भ पुष्टि गरेका छन् । तल तिनको विमर्श प्रस्तुत गरिएको छ ।

### *राजनीतिक परिवेश*

राजनीतिक परिवेशले कुनै स्थान र कालको वातावरण र अवस्थालाई बुझाउँछ जसले राजनीतिक कार्य, नीति र निर्णयमा प्रभाव पार्छ । त्यसमा सरकारी संरचना, जनमत, सांस्कृतिक मान्यता, ऐतिहासिक घटनाहरू पनि समावेश हुन्छन् । राजनीतिक परिवेश शक्तिसम्बन्धसँग सम्बन्धित हुन्छ । शक्तिसम्पन्न अर्थात् सत्ताधारी वर्ग र सत्ताबाहिरका व्यक्तिहरूबिचको सम्बन्ध द्वन्द्वात्मक हुन्छ । उनीहरूका बिच शक्तिका लागि सङ्घर्ष हुन्छ ।

*वसन्ती* उपन्यास नेपालको राजनीतिक इतिहासमा आधारित छ । यसमा वि.सं. १८९५ भदौदेखि १९०३ भदौ ३१ गतेसम्मको नेपालको राजनीतिहक इतिहासलाई विषयवस्तुगत आधार बनाइएको छ । यस उपन्यासमा धेरै घटना ऐतिहासिक तथ्यमा आधारित छन् र ती नेपालको राजनैतिक इतिहाससँग सम्बन्धित छन् । चौतरिया फत्तेजङ्ग शाह भारतको गयामा गएर बसेको र पछि नेपाल बोलाएर प्रधानमन्त्री बनाएको, गगनसिंह कान्छी महारानी राज्यलक्ष्मी देवीको प्रिय पात्र भएको, भीमसेन थापाले सेरिएर आत्महत्या गरेको र त्यसपछि नेपालको राजनीतिमा षड्यन्त्रको खेल तीव्र हुँदै गएको, जेठी महारानी साम्राज्यलक्ष्मीको देहान्तपश्चात् राजेन्द्र विक्रम शाहले सम्पूर्ण राजकीय अधिकार राज्यलक्ष्मीदेवीलाई सुम्पेको, देवीबहादुरले राज्यलक्ष्मी र गगनसिंहबिच अनुचित सम्बन्ध रहेको कुरा आक्रोशमा व्यक्त गरेको र उसको हत्या गरिएको, रानीको आदेशको पालना गर्दै जङ्गबहादुरले आफ्नै मामा माथवरसिंह बस्नेतको हत्या गरेको, नेपाल र चीनबिच सन्धि भएको, राज्यलक्ष्मी आफ्नो छोरालाई राजा बनाउन उद्यत रहेकी, राजेन्द्र विक्रम कमजोर मनोवृत्तिका र सुरेन्द्र विक्रम तरङ्गी स्वभावका भएको कुरा इतिहाससिद्ध कुरा हुन् । त्यसैगरी जङ्गबहादुरले गगनसिंहसँग निकटता राखेको, साम्राज्यलक्ष्मी र सुरेन्द्र सत्ताधिकार प्राप्तिका लागि राजालाई घुर्क्याउन दरबार छोडी हिँड्ने गरेको, माथवरसिंहको हत्या गरेवापत जङ्गबहादुरले जर्नेल पद पाएको कुरा पनि ऐतिहासिक तथ्यमा आधारित छन् । उपन्यासमा पृथ्वीनारायण शाहका सेनापति रामकृष्ण कुँवरले कान्तिपुर, भक्तपुर र ललितपुर विजय गरेको, चीन र तिब्बतसँग नेपालको युद्ध भएको, जङ्गबहादुर जागिरविहीन हुँदा तास जुवा खेल्ने गरेको, जङ्गबहादुर बाह्र वर्षे इनारमा हाम फालेको जस्ता कुराको पनि उपन्यासमा उल्लेख गरिएको छ ।

प्रस्तुत उपन्यासमा प्रस्तुत गरिएका घटनाहरू कति ऐतिहासिक र कति अनैतिहासिक अनि कति ऐतिहासिक तथ्यमा आधारित र कति ऐतिहासिक तथ्यसँग बाझिएका छन् भन्ने कुरा विचारणीय छ । उपन्यासमा गगनसिंहको वसन्तीसँगको प्रणय सम्बन्ध काल्पनिक र राजदरबारसँगको सम्बन्ध ऐतिहासिक छ । उपन्यासको भूमिकामा दीनानाथ 'शरण' ले "*वसन्ती* एक सामाजिक र ऐतिहासिक उपन्यास हो" भनेका छन् । यसबाट यो उपन्यास विशुद्ध ऐतिहासिक उपन्यास होइन भन्ने बुझिन्छ । ऐतिहासिक घटना, पात्र र परिवेश हुँदाहुँदै पनि कतिपय काल्पनिक घटना र पात्रको प्रयोगले गर्दा उपन्यासमा सामाजिकता र ऐतिहासिकताको दोहोरो भङ्गालो फुटेको छ । त्यही भएर इतिहासकार नयराज पन्तले *वसन्ती*मा इतिहासको भाग अत्यन्त कम र असत्य कल्पना चाहिँ ज्यादै बढी देखियो भनेका छन् (पन्त, २०६५, पृ. २४६) । त्यसैगरी इतिहासलाई औपन्यासिक रूप दिँदा इतिहासको मर्ममा चोट नपर्ने गरी केही काल्पनिक घटना जोडेको पाइने भए पनि यस उपन्यासलाई ऐतिहासिक उपन्यास भएको कुरामा

शङ्का गर्नुपर्दैन भनिएको छ (पोखरेल, २०६८, पृ. ११५) । वसन्ती इतिहासमा वर्णित पुतली नानीसँग तुलनीय छे । पुतली नानी राजदरबारकी सुसारे हो । ऊसँग जङ्गबहादुरले प्रेमलीला रचाउने मौका पाए । उसबाट जङ्गबहादुरले राजदरबारसम्बन्धी जानकारी, सूचना, अर्तिबुद्धि पाउँदथे (ज.ब.रा., २०६५ : १२) । उपन्यासकारले पुतली नानी जस्ताहरूको कथालाई आधार बनाएर वसन्तीको कथा सिर्जिएको देखिन्छ ।

गगनसिंह ऐतिहासिक पात्र हो । उसका बारेमा इतिहासकारहरूका बीचमा मतैक्यता पाइँदैन । उसलाई कसैले खवास र कसैले भँडारी भनेका छन् । बालचन्द्र शर्माले "दरबारका सामान्य खवास गगनसिंह क्रमशः काजी, प्रधानसेनापति, मन्त्रीमण्डलका प्रमुख सदस्य र राज्यका सर्वेसर्वा हुनसकेका थिए" भनेका छन् (शर्मा, २००८, पृ. २९३) । पुरुषोत्तमशमशेरले उसलाई भँडारी भनेका छन् । उनले लेखेका छन्– "सर्दार गगनसिंह भँडारी क्षेत्री सर्दारको पद पाउनुअघि राजा राजेन्द्रको बैठके थिए । कसै कसैले साहिँला साहेबज्यू रणेन्द्रको ददा थिए भनी लेखेका छन् भने कसै कसैले उनलाई होच्याई "खवास" समेत लेखेका छन्, जबकि गगनसिंहका नाति लेफ्टिनेन्ट कर्णेल उत्तरध्वज भँडारी क्षेत्री पछि शमशेरहरूको समयसम्म जीवितै थिए" (ज.ब.रा., २०६५, पृ. २०) । उपन्यासकारले गगनसिंहलाई खवास नै मानेका छन् ।

उपन्यासमा डम्बरेले जङ्गबहादुरसँग भनेको छ– "त्यसैले एउटा खवास (गगनसिंह) लाई काजी बनाएर त्यत्रो ठूलो ओहदामा पुऱ्याएको रे" (पृ. ३१) । निश्चय नै ऐतिहासिक उपन्यास इतिहास होइन, इतिहाससम्मत आख्यान त्यसमा प्रस्तुत गरिन्छ र उपन्यासकारले इतिहासको कुनै पक्षलाई आधार बनाउँछ । *वसन्ती* उपन्यास धेरैजसो पद्मजङ्गद्वारा लिखित *महाराज जङ्गबहादुरको जीवनी*मा आधारित छ (राई, २०५०, पृ. १०८) । उपन्यासमा गगनसिंहलाई धीरललित नायकका रूपमा उभ्याइएको छ ।

गगनसिंह कान्छी महारानी राज्यलक्ष्मीदेवीको प्रियपात्र रहेको इतिहाससिद्ध कुरा हो । रानीको पुठ पाएर गगनसिंहले अरू त के प्रधानमन्त्रीसमेतलाई पनि नटेर्ने गरेको पनि यथार्थ हो । इतिहासकारहरूले राज्यलक्ष्मीदेवी र गगनसिंहका बिच अनुचित सम्बन्ध भएको कुरा पनि उल्लेख गरेका छन् । *नेपालको ऐतिहासिक रूप-रेखा*मा भनिएको छ :

> जङ्गबहादुरकै पालीमा ब्रिटिश राजदूतावासमा आएका डाक्टर ओल्डफील्डको लेखाइअनुसार माथवरसिंहको हत्याको चार महिनापश्चात् शनिवार १२ सेप्टम्बर १८४६ ई. को राती राजेन्द्रविक्रम शाहले जेठी महारानीपट्टीका आफ्ना दुई भाइ छोरा– सुरेन्द्रविक्रम र उपेन्द्रविक्रमलाई एकान्तमा डाकी उनकी कान्छी मुमा महारानी लक्ष्मीदेवी र गगनसिंह खवासको अनुचित सम्बन्धको कुरा गरे । यस लज्जाजनक कुराले राजकुमारहरूको क्रोधको सीमा रहेन, उनीहरू यसको बदला लिन विह्वल भए (शर्मा, २००८, पृ. २९९) ।

राज्यलक्ष्मीदेवी र गगनसिंहबिचको अनुचित सम्बन्ध भारदारहरूमा पनि छिपेको थिएन । त्यो कुरा यस घटनाले पनि पुष्टि गर्छ :

> दरबारकी एक सेविकाले एक दिन महारानीलाई रिझाई आफ्नो प्रेमीको निमित्त लेफ्टिनेन्ट पदमा बहालीको लिखित आज्ञा प्राप्त गरी । उक्त पदमा पहिलेदेखि नै नियुक्त भइआएको व्यक्तिले यसको उजूर माथवरसिंह थापा र राज्यका भारदारहरूमा गऱ्यो । किन्तु, त्यस न्यायोचित उजूरको कुनै सुनाइ भएन । एक जना भारदार देवीबहादुरलाई यो अन्याय कुनै प्रकार सह्य हुन सकेन र उनले यसको विरोध गर्दै महारानी र सरदार गगनसिंहको अवाञ्छनीय सम्बन्धउपर सबैको सम्मुख व्यङ्ग्यपूर्ण उल्लेखसमेत गरे (शर्मा, २००८, पृ. २९३) ।

गगनसिंहको हत्या कसले गऱ्यो भन्ने बारेमा इतिहासकाररूबिच नै मत बाझिएको देखिन्छ । कान्छी महारानीसँग अनुचित सम्बन्ध भएकाले गगनसिंहको हत्याको षड्यन्त्र रचियो । फत्तेजङ्गको घरमा अभिमानसिंह राना, दलभञ्जन पाँडे र काजी वीरकिशोरको यस विषयमा मन्त्रणा भयो र तीन हजार स्वर्ण मुद्राको प्रलोभन देखाई लालझालाई त्यस काममा खटाइयो । ओल्डफील्डका अनुसार गगनसिंहको हत्या लालझाले गरेको हो (शर्मा, २००८, पृ. २९९–३००) । पुरुषोत्तमशमशेरका अनुसार प्रधानमन्त्री फत्येजङ्ग शाह र जनरल अभिमानसिंहले गगनसिंहको हत्या नै गर्नुपर्ने ठहऱ्याई जनरल जङ्गबहादुरलाई हत्या गर्ने कार्य सुम्पेको हुँदा जङ्गबहादुरले आफ्ना साहिँला भाइ कर्णेल बद्रीनरसिंहलाई गगनसिंहको हत्या गर्न लगाए (ज.ब.रा., २०६५, पृ. ३५) । उपन्यासमा भने गगनसिंहको हत्याका बारेमा जङ्गबहादुर अनभिज्ञ रहेको देखिन्छ । उपन्यासको अन्त्यमा वसन्ती गगनसिंहको घरमा च्यामिनीका भेषमा आएकी, जङ्गबहादुर गगनसिंहलाई भेट्न आएको र गगनसिंह सन्ध्याकालीन पूजा गर्न गएका बखत गोली लागी उसको हत्या भएको, जङ्गबहादुर भऱ्याङ उक्लिँदै गरेको बेला बन्दुक पड्केको आवाज सुनेको उल्लेख गरिएको छ । यहाँनेर इतिहास खजमजिएको देखिन्छ ।

प्रस्तुत उपन्यासमा जङ्गबहादुर पनि ऐतिहासिक पात्र हो । उपन्यासमा उसको व्यक्तित्वलाई उजिल्याउने भरमग्दुर प्रयास गरिएको छ । त्यसका लागि ऐतिहासिक तथ्यको सहारा लिने, इतिहासलाई आफ्नो ढङ्गमा व्याख्या गर्ने, बङ्ग्याउने र काल्पनिक घटना थप्ने काम गरिएको देखिन्छ । जङ्गबहादुरलाई उपन्यासमा आदर्श, शान्तिप्रिय, राजभक्त, देशभक्त, नैतिकवान् व्यक्तिका रूपमा चित्रण गरिएको छ । उसलाई “कहिले थापा कहिले पाँडे परिवारको हत्या भएको बिलकुल चित्त बुझेको थिएन” भनिएको छ (पृ. ३१) । डम्बरेले बम्बईको प्रशंसा गर्दा जङ्गबहादुरले “एक्सा नं वान पिलाएर, बाईजीको नाच देखाएर मलाई आनन्द आउँदैन, मलाई आनन्द दिने हो भने त्यो व्यक्तिको मुख देखाइदिनुहोस्, जसले नेपालको स्वतन्त्रताका निम्ति रगत चुहाएको छ, जसले समाज सुधारका निम्ति छाती फुलाएको छ, जसले जनसेवाका निम्ति शिर निहुराएको छ” भन्दछ (पृ. ३२) । उसको देशभक्ति र राजभक्तिको भावना यसरी प्रकटिएको छ– “यहाँ सञ्जीवनी बुटी छ, यहीँ धन्वन्तरी वैद्यका सन्तान छन् । ... फेरि हाम्रा पितातुल्य राजा यहीँ राज गरिबक्सिन्छ त्यसैले यही हो पुण्यभूमि ... नेपाल” (पृ. ३३) । होलीको अवसरमा राजकुमारी र नानीहरूले अबिर लगाइदिँदा उसले “हरे शिव ! नदेख्ना दरबारकी नानी, नछुना बाहुनी भन्छन् । यो कत्रो पाप ?” भन्छ (पृ. ८१) र प्रायश्चित्तका लागि छटपटिइरहन्छ । इतिहासमा भने जङ्गबहादुर र दरबारकी पुतली नानीबिच प्रणय सम्बन्ध भएको र पछि बिहे भएको उल्लेख पाइन्छ । डम्बरेले आफ्नी पत्नीलाई जङ्गबहादुरले वसन्तबागमा थुनी राखेको भनेर दरबामा उजुर गरेको प्रसङ्ग अमिल्दो छ । वसन्तबागमा जङ्गबहादुर र डम्बरे साथै गएका बेलामा वसन्ती र डम्बरेको भेट भएको हो । गगनसिंहलाई बचाउन जङ्गबहादुरले आफूमाथि लागेको आरोप स्वीकार गर्दछ । मानवतावाद र मित्ररक्षाको यो आदर्श नमुना हो । इतिहासमा जङ्गबहादुर मनमा जे भए पनि बाह्य व्यवहारले गगनसिंह र महारानीप्रति आफ्नो पूर्ण भक्ति देखाउन चुक्तैनथ्यो भनिएको पाइन्छ (शर्मा, २००८, पृ. २९९) । उपन्यासमा भने राजपरिवारका बारेमा कसैले दुर्वचन बोल्यो भने असन्तुष्ट हुने (पृ. ३१), गगनसिंहले रानीलाई पदच्युत गर्ने प्रस्ताव गर्दा उसको मनमा अत्यन्त पीर परेको (पृ. १५८) र गगनसिंहले दरबार विरुद्ध षड्यन्त्र गर्ने कुरा गर्दा “यो हाम्रो महान् पवित्र राजगद्दीको खिलाफ जो विद्रोह गर्न खोज्दछ, त्यो महामूर्ख हो । मेरो पुर्खाले जीवनभर सङ्घर्ष गरेर थापना गरेको यो पवित्र गद्दी र त्यसमा राज भएका राजा-रानीका विरुद्ध गरिने

कुनै काममा पनि म हिस्सादार बन्न सक्तिन" भनेको उल्लेख गरिएको छ (पृ. २१४) । उपन्यासमा आफ्नो सहोदर मामा माथवरसिंहको हत्या पनि राजाज्ञाको शिरोपर गरी गरेको देखाइएको छ । त्यसैगरी उपन्यासमा उसलाई दरबारमा कहिल्यै असत्य नबोल्ने, मानवतावादी, चतुर, वीर, हत्याहिंसाको विरोधी, सुरेन्द्रलाई राजा नबनाउने षड्यन्त्रका विरोधी पुरुषका रूपमा प्रस्तुत गरिएको छ । इतिहासमा ऊ अत्यन्त महत्त्वाकांक्षी, धूर्त, दुस्साहसी, षड्यन्त्रकारी, कठोर व्यक्तिका रूपमा देखापर्दछन् । सबै नेपाली सङ्गठित हुनुपर्छ भनेर सोच्ने, अङ्ग्रेजी भाषा सिक्नुपर्छ भने पनि अङ्ग्रेजी सभ्यतालाई टाढै राख्ने, कलङ्कसँग प्राणैदेखि डर्ने, पुण्य र धर्मका अटल विश्वासी, नारीहरूलाई मातृरूप हेर्ने, कुलको र आफ्नो प्रतिष्ठामा ह्रास नसहने जङ्गबहादुरलाई आदर्शिक चरित्ररूप उभ्याउनु लेखकको उद्योग छ (राई, २०५०, पृ. १०८) । जङ्गबहादुरको चरित्रलाई उकास्न लेखकले निकै कसरत गरेका छन् । उपन्यासमा राजपरिवारका सदस्यबाहेक जङ्गबहादुरलाई मात्र आदरार्थीको प्रयोग गरिएको छ । इतिहासमा धेरै कलङ्कित काम गर्ने खलनायक जङ्गबहादुर उपन्यासकारका आदर्श पुरुष भएका छन् (पोखरेल, २०६८, पृ. १२३) । जङ्गबहादुरप्रति उपन्यासकारको झुकाउ र पक्षधरता ऐतिहासिक तथ्यका दृष्टिले खट्किने कुरा छ ।

सुगौली सन्धिपछि नेपालको राजनीतिमा देखापरेको अस्थिरता, दाउपेच, षड्यन्त्र, हत्याहिंसा जस्ता प्रस्तुत उपन्यासमा देखाइएको छ । तिनै घटनाहरूका क्रममा दरबारमा अनेक प्रकारका समीकरण र गुटबन्दीको सिर्जना भएको छ । त्यसले राणा शासनको उदय हुने कोतपर्वको पृष्ठभूमि निर्माण गरेको छ ।

*सामाजिक परिवेश*

सामाजिक परिवेशले तत्कालीन भौतिक तथा सामाजिक वातावरणलाई बुझाउँछ जहाँ व्यक्तिहरू रहेर अन्तर्क्रिया गर्दछन् । त्यसअन्तर्गत समुदाय, सामाजिक संरचना, संस्था, व्यक्तिहरूबिचको सम्बन्ध जस्ता कुराहरू पर्दछन् । यो समाजशास्त्र, मानवशास्त्र, मनोविज्ञान, वातावरणविज्ञान जस्ता विषयसँग पनि जोडिन पुग्छ ।

प्रस्तुत उपन्यासमा नेपालको राजनीतिक इतिहासमा मात्र केन्द्रित नभएर सामाजिक सन्दर्भको चित्रणमा रुचि दिइएको छ । उपन्यासलाई समाजशास्त्रीय स्वरूप दिनका लागि गगनसिंह र वसन्तीसँग सम्बन्धित प्रणयजन्य काल्पनिक घटनाको समायोजन गरिएको छ । वसन्तीलाई पत्नीका रूपमा सार्वजनिक गर्न पनि नसक्ने र छोड्न पनि नसक्ने हुँदा गगनसिंह भित्रभित्रै छटपटिएको छ । कुनै उपाय नदेखेर उसले जङ्गबहादुरसँग "केही गरी महारानी हामीसित वक्र होइबक्सिन लाग्यो भने हामीले उहाँलाई पदच्युत गर्न सक्ने गोप्य शक्तिको सिर्जना गर्नुपर्दछ" (पृ. १५७) भन्दछ । वसन्ती आफ्नो कारणले आत्महत्या गरेको विश्वास गर्दै उसले आफूलाई हत्यारा ठानेको र त्यस दोषको जड महारानीलाई ठहऱ्याएको छ । त्यही सन्दर्भमा उसले भनेको छ– "एक मानिस मार्नु र दुई मानिस मार्नु उही हो । एक ठूलो पाप गरेपछि अरू साधारण पाप गर्न म हट्तिन" (पृ. २१२) । यी कुरा ऐतिहासिक तथ्यमा आधारित छैनन् ।

वसन्ती ऐतिहासिक पात्र नभएर काल्पनिक पात्र हो । त्यति बेला केटीहरू दरबार पस्ने, दरबारका कारिन्दासँग तिनीहरूको प्रेम बस्ने, दरबारबाट भाग्ने घटनाको प्रशस्त उदाहरण पाइन्छ । जावलाखेलकी मिठु दरबारी कर्मचारी गगनसिंहसँग प्रेम भएपछि दरबार पस्छे र वसन्ती नाम पाउँछे । एक वर्षपछि ऊ गगनसिंहसँग भाग्दछे । ऊ इतिहासमा वर्णित पुतली नानीसँग तुलनीय छे । पुतली नानी राजदरबारकी

सुसारे हो । ऊसँग जङ्गबहादुरले प्रेमलीला रचाउने मौका पाए । उसबाट जङ्गबहादुरले राजदरबारसम्बन्धी जानकारी, सूचना, अर्ति बुद्धि पाउँदथे (ज.ब.रा., २०६५, पृ. १२) । कोतपर्व र भण्डारखाल पर्व जस्ता काण्डहरूपश्चात् राजा राजेन्द्र र महारानी राज्यलक्ष्मीदेवीहरूलाई काशीतर्फ पठाएपछि जङ्गबहादुरले पुतली नानीलाई राजदरबारबाट आफ्नो दरबार थापाथलीमा भित्र्याई "पुतली महारानी" को पद दिए (ज.ब.रा., २०६५, पृ. ४४) । उपन्यासकारले पुतली नानी जस्ताहरूको कथालाई आधार बनाएर वसन्तीको कथा सिर्जिएको देखिन्छ । त्यसबाट तत्कालीन समाजको यथार्थ बुझ्न सकिन्छ ।

राज्यलक्ष्मी र गगनसिंह ऐतिहासिक पात्र भए पनि उनीहरूबिचको सम्बन्ध उपन्यासमा जसरी प्रस्तुत गरिएको छ, त्यो राजनीतिक नभएर वैयक्तिक प्रकारको छ । त्यसले इतिहासको भित्री पाटोलाई उघार्ने काम गरेको छ । गगनसिंह वसन्तीलाई भन्छ– "महारानीका मनमा मैले कतै घरबार नजोडोस्, दरबारलाई नै घर सम्झूँ, उहाँलाई नै ..." (पृ. ५९) । गगनसिंहले बिहे गरेको, अरू नारीसँग प्रेम गरेको कुरा महारानीका लागि सह्य हुँदैन । त्यसैले गगनसिंहले आफूले वसन्तीलाई बिहे गरेको कुरा व्यक्त गर्न सक्तैन । जङ्गबहादुरले गगनसिंहकी एउटी प्रेमिका रहेको कुरा सुनाएपछि "महारानी थर्र काँपिन् । रिसले हो कि निराशाले हो, आँखाभरि आँसु लिएर उनले बोल्नै सकिनन्" (पृ. ९७) । सिलाङेले मार्ने यत्न गरेपछि ज्यान जोगाउन रातारात ककनीबाट पशुपति आइपुगेकी वसन्ती र गगनसिंह, जङ्गबहादुर र महारानीहरूको भेट हुन्छ । वसन्तीले गगनसिंहसँग एकपटक भेट्ने चाहना व्यक्त गरेपछि महारानीलाई उनीहरूको सम्बन्धका बारेमा शङ्का उत्पन्न हुन्छ । महारानीले केरकार गर्न थालेपछि गगनसिंहले नसिबले गर्दा त्यस्तो परिस्थिति आइलागेको भनेपछि "गगनसिंहको अपराधमा महारानीलाई अझ धरमर थियो, अब दृढ निश्चय भयो । रिस र ईर्ष्याले गर्दा उनको मनमा असङ्ख्य ताप र असन्तोष भड्कियो, अनि झोकले आँखा देख्न छोडिन्, डरलाग्दो भइन्" (पृ. १४४) । यी प्रसङ्ग ऐतिहासिक तथ्यसँग मेल नखाने तर सामाजिक जीवनमा देखापर्ने घटना हुन् ।

प्रस्तुत उपन्यास नारीप्रधान उपन्यास भए पनि शक्ति पुरुषको हातमा रहेको देखिन्छ । जातीय विभेद प्रबल रूपमा देखिन्छ । समाज प्रभावशाली वर्ग र शासित वर्गमा विभाजित छ । दरबारको मान्छे भनेपछि सबै डराउनुपर्ने स्थिति छ ।

*सांस्कृतिक परिवेश*

संस्कृति भनेको परम्परागत रूपमा चल्दै आएको धर्म, आस्था, विश्वास, कला, पर्व, अनुष्ठान, प्रथा आदि कुरा हुन् । संस्कृतिको निर्माण मानवले गरेको हो, तर त्यसको निर्माता कुनै व्यक्ति नभएर समाज हुन्छ । यो वैयक्तिक नभएर सामूहिक हुन्छ । निश्चित स्थान र समयका व्यक्तिको जीवनशैली नै संस्कृति हो ।

समाजले विभिन्न प्रकारको विधिनिषेध बनाएको हुन्छ । त्यो जाति र समुदायको आआफ्नै किसिमको हुन्छ । प्रस्तुत उपन्यासमा खवासहरूमा फुपूचेली र मामाचेलाबिच विवाह चल्ने कुराको उल्लेख गरिएको छ । मिठु गगनसिंहकी फुपूकी छोरी हो । उनीहरू नाताले दाजु बहिनी पर्छन् र उनीहरूले त्यही नाताले व्यवहार पनि गर्छन् । उपन्यासमा भनिएको छ :

> नातामा मिठु र गङ्गे दाइ-बहिनी भए पनि उनीहरूको समाजमा फुपूचेली र मामाचेलाको वैवाहिक सम्बन्ध जुट्ने प्रचलित परम्परा भएकाले ती दुईको परस्परमा विवाह हुन कुनै खास अडचन पर्ने थिएन, थियो एउटै समस्या डम्बरेसित मिठुको विवाह-विच्छेदको । (पृ. १२)

गङ्गे काजी भएपछि गगनसिंह भयो र मिठु दरबार पसेपछि वसन्ती भई । गगनसिंहले मद्दतले मिठु दरबार पस्न पाएकी हो । दरबार पस्न अविवाहिता युवती हुनुपर्ने, मिठुको विवाह त डम्बरेसित भइसकेको थियो । विवाह नभएको झुटो विवरण दिएर ऊ दरबार पस्न पाएकी थिई । उसको प्रेम गगनसिंहसँग भए पनि तत्कालीन समाजमा जार काट्न पाउने भएकाले उनीहरूको विवाह हुन कठिन थियो ।

प्रस्तुत उपन्यासका पात्रहरूले पूजापाठ गर्ने र धर्मकर्ममा विश्वास रहेको पाइन्छ । "पूजाकोठामा जान अबेर भइरहेकाले गगसिंह कउचबाट बिस्तारै उठ्यो" भन्ने भनाइले त्यसै कुराको पुष्टि गर्दछ (पृ. २१६) । राज्यलक्ष्मीको इच्छाअनुसार कान्छा युवराज रणेन्द्रलाई राजा बनाउनका लागि युवराज सुरेन्द्रलाई हत्या गर्ने कुरा गगनसिंहले व्यक्त गरेपछि जङ्गबहादुरले "हरे कृष्ण ! यो पाप, साह्रै ठुलो पाप, सुन्नेलाई पनि पाप" भन्छ (पृ. १८९) । जङ्गबहादुरमा धर्मप्रति निकै विश्वास रहेको देखिन्छ । उसले डम्बरेसँग भन्छ– "यो हाम्रो देश पशुपतिको राज्य हो, धर्ममा अडेको छ" (पृ. ३३) । यो उसको मात्र नभएर तत्कालीन समाजमा व्याप्त आस्था र विश्वास हो ।

**निष्कर्ष**

प्रस्तुत अध्ययन नवइतिहासवादी सिद्धान्तका आधारमा *वसन्ती* उपन्यासको विवेचनामा केन्द्रित छ । यस उपन्यासमा पाइने ऐतिहासिक सन्दर्भको व्याख्याविश्लेषण प्रस्तुत अध्ययनको मुख्य समस्या हो । त्यसको समाधानका लागि राजनीतिक परिवेश, सामाजिक परिवेश र सांस्कृतिक परिवेशलाई सूचक बनाइएको छ । प्रस्तुत उपन्यासको मुख्य विषयवस्तुराजनीतिक इतिहास हो । राजेन्द्र विक्रम शाहको राज्यकालको राजनीतिक सन्दर्भलाई यस उपन्यासमा प्रस्तुत गरिएको छ । तत्कालीन समयमा देखिएका अस्थिरता, राजनीतिक दाउपेच, हत्याहिंसा, गुटबन्दी जस्ता कुरालाई उपन्यासमा यथार्थ ढङ्गमा देखाइएको छ । त्यसले जङ्गबहादुर राणाको उदयका लागि स्पष्ट पूर्वाधार निर्माण गरेको छ । प्रस्तुत उपन्यासमा ऐतिहासिक सन्दर्भ सामाजिक परिवेशका आधारमा पनि देखाइएको छ । गगनसिंह र वसन्तीबिचको प्रणयसम्बन्ध सामाजिक प्रकारको छ । उपन्यासमा पुरुषप्रधान समाजको चित्रण गरिएको छ । जातीय र वर्गीय विभेद पनि तत्कालीन समाजमा व्याप्त रहेको पाइन्छ । यस उपन्यासमा धर्मप्रति आस्था र विश्वास, जातीय संस्कृति, सामाजिक प्रचलन जस्ता कुरा पनि प्रस्तुत गरिएको छ । उपन्यासमा राजनीतिक, सामाजिक र सांस्कृतिक परिवेशका माध्यमबाट ऐतिहासिक सन्दर्भ देखाइएको छ । उपन्यासलाई रोचक, जीवन्त र सरस बनाउनका लागि काल्पनिक कथा पनि संयोजन गरिए पनि त्यसबाट ऐतिहासिक सन्दर्भ बुझ्न सकिन्छ । ऐतिहासिह सन्दर्भका दृष्टिले भने यो उपन्यास सफल रहेको छ ।

## सन्दर्भ सामग्रीसूची

ज.ब.रा., पुरुषोत्तमशमशेर (२०६५). *श्री ३ हरूको तथ्य वृत्तान्त* (भाग १). विद्यार्थी पुस्तक भण्डार ।

पन्त, नयराज (२०६५), सेतो बाघको ऐतिहासिक परीक्षा. छायादत्त न्यौपाने तथा ऋषिराम पाण्डे ( सम्पा.). *आख्यानकार डायमन* (पृ. २४३–२७४). डायमनशमशेर राणा साहित्यिक प्रतिष्ठान ।

पोखरेल, टीकाराम (२०६८). *ऐतिहासिक उपन्यास : सिद्धान्त र स्वरूप.* डायमनशमशेर राणा साहित्यिक प्रतिष्ठान ।

राई, इन्द्रबहादुर (२०५०), *नेपाली उपन्यासका आधारहरू* (दोस्रो संस्क.). साझा प्रकाशन ।

राणा, डायमनशम्शेर (२०४०), *वसन्ती* (छैटौँ संस्क.). बालिका राणा ।

शर्मा, बालचन्द्र (२००८). *नेपालको ऐतिहासिक रूप-रेखा.* कृष्णकुमारी ।

Barry, P. (2002). *Beginning theory: An introduction to literary and cultural theory* (2nd ed.). Manchester University Press.

Brannigan, J. (1998). *New historicism and cultural materialism.* Macmillan Press Ltd.

Bressler, C. E. (2011). *Literary criticism: An introduction to theory and practice* (5th ed.). Pearson Education, Inc.

Cudden, J. A. (1998). *Dictionary of literary terms & literary theory.* Penguin Books.

Foucault, M. (1978). *The history of sexuality* (R. Hurley, Trans., Vol. 1). Pantheon Books.

Foucault, M. (1984). *The Foucault reader* (P. Rebinow, Ed.). Pantheon Books.

Habib, M. A. R. (2008). *A history of literary criticism and theory: From Plato to the present.* Blackwell Publishing.

Howard, J. (1986). The new historicism in renaissance studies. *English literary renaissance, 16*(1), 13-43.

Montrose, L. A. (1989). Professing the Renaissance: The Poetics and Politics of Culture. In H. A. Veeser (Ed.), *The New Historicism* (pp. 15-36). Routledge.

Nayar, P. K. (2010). *Contemporary literary and cultural theory: From structuralism to ecocriticism.* Pearson.

Veeser, H. A. (1989). Introduction. In H. A. Veeser (Ed.), *New historicism* (pp. ix-xvi). Routledge.